गाउँकार्यपालिकाको मिति २०७९।११ ११ गतेको बैठकबाट स्वीकृत भई पेश हुन आएको तपसिल वमोजमका निर्णयहरु पारित गर्ने

निर्णय नं. १

आ.व.०७९/८० को वार्षिक वजेटमा थप तथा संसोधन हुने तपसिल अनुसारका प्रस्तावित योजना तथा कार्यक्रमहरु पारित गर्ने ।

- अनुसूची "क" पहिलो सात महिनाको आयको यथार्थ विवरण
- अनुसूची "ख" पहिलो सात महिनाको व्ययको विवरण
- अनुसूची "ग" आर्थिक वर्ष ०७९/८० को वार्षिक वजेटमा गाउँपालिका तर्फका योजना तथा कार्यक्रमहरु थप तथा संसोधन हुने
- अनुसूची "घ" आर्थिक वर्ष ०७९/८० को वार्षिक वजेटमा वडा स्तरीय योजना तथा कार्यक्रम संसोधन हुने

निर्णय नं. २

पैंयू गाउँपालिका ४ नं. वडा स्थित साविक हुवास स्वास्थ्य चौकीलाई स्तरोन्नति गरि १० सैया अस्पताल निर्माणको लागि श्री C.M./National/Bibek & Kuber JV संग मिति २०७८।०५।२४ गतेका दिन १८ महिना समयाबधि भित्र सम्पन्न गर्ने गरी रु. ९,३५,६१,४५३.५५ (भ्याट समेत) ठेक्का संझौता भई निर्माण कार्यको क्रममा जमिन पूर्ण समथर नभएका कारण समयमा नै कार्यसम्पन्न हुन नसकेको र माथिल्लो भाग पहिरोको जोखिममा भएकोले दिगोरुपमा नै जोखिम न्यूनिकरणका लागि पूर्व अनुमानित परिमाण भन्दा थप परिमाणमा काम गर्नु नै पर्ने देखिएकोले लिड ट्रान्स्पोर्ट (Lead Transport) , जियोटेक्टायल (Geo- Textile) र क्रोश एग्रिगेट (Coarse aggregate) थप नयाँ तीन आइटम सहित १३ बटा आइटमको प्रचलित दररेट र घट भएको कबोल अंक अनुसार समायोजन गरि सार्वजनिक खरिद ऐनको दफा ५४ ग वमोजिम रु.१,३७,५३,५०८.७९ (१४.७० प्रतिशत) थप भेरिएसन स्वीकृत गर्ने र १ (एक) वर्ष म्याद थप्ने ।